२०८२ जेठ ११ कार्यपालिका बैठक बैठक संख्याः १५/२०८१/०८२

आज मिति २०८२ जेठ ११ गते आइतवारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

तपसिलः

	श्री कृष्ण रेग्मी	अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका
	श्री गोपाल रेउले	उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका
	श्री रेवत बहादुर बुढाथोकी	सचिव, सिस्ने गाउँ कार्यपालिका
	श्री रज बहादुर बुढा	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री कृष्ण बहादुर खड्का	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री हेराम खड्का	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री दलराज घर्ति	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री बिरेन्द्र बस्नेत	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री पूर्ण बहादुर मल्ल	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री शशिधर बुढा	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री गोपाल पुन	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री सूर्य बहादुर नेपाली	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री थल बहादुर सार्की	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री तिर्था पुन	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री सुपरी बुढा	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री मीना के.सी.	सदस्य, सिस्ने गाउँ कार्यपालिका
	श्री धन कुमारी बुढा खत्री	सदस्य, सिस्ने गाउँ कार्यपालिका

अन्य उपस्थितिः

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

श्री ठकेन्द्र खत्री आर्थिक प्रशासन शाखा प्रमुख

२०८२ जेठ ११ कार्यपालिका बैठक कक्ष बैठक संख्याः १५/२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा

२. सुशासन तथा सेवा प्रवाहको समिक्षा

३. सुरक्षित आवासको लागि नामावली स्वीकृत

४. विद्युतिय चुलो (इन्डक्सन चुलो) वितरणमा अनुदान रकम

५. गणतन्त्र दिवस तथा राष्ट्रिय महिला दिवस मनाउने

६. आयोजना सम्झौता तथा आगामी वर्षको नीति तथा कार्यक्रम

७. प्लाष्टिक जन्य वस्तु विस्थापित कार्यक्रम

८. रुकुमकोट जिल्ला अदालतलाई जग्गा उपलब्ध गराउने सिफारिस

९. सुन्तलाको पकेट क्षेत्र निर्धारण तथा लक्षित वर्ग छनोट

१०. त्रिभुवन जनता मा वि छिप्रीदहको शौचालय निर्माण

११. पानी घट्टको अनुदान रकम उपलब्ध गराउने

१२. प्रदेश विशेष अनुदान अन्तर्गतको आयोजनाको नाम संशोधन ।

निर्णयहरुः

निर्णय नं. १,

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।
गत कार्यपालिकाको बैठकका सबै निर्णयहरु कार्यान्वयन भएको ।

निर्णय नं. २,

गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुको सेवा प्रवाह तथा सुशासनको समिक्षा गरियो ।
सबै शाखाहरुले सम्पादित कार्यको प्रभावकारिता मूल्याङकन गरी यही जेठ २० गते भित्र कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

निर्णय नं. ३,

यस आर्थिक वर्षमा काम सम्पन्न गरी सकेका तपसिल बमोजिमका नागरिकलाई सुरक्षित आवासको लागि प्राप्त रकम कार्यसम्पन्नताको आधारमा नियमानुसार भुक्तानी उपलब्ध गराउने ।

क्र.स.	नाम थर	ठेगाना	कैफियत
१	गोविन्द बुढा	सिस्ने- १	
२	जोगेन्द्र बुढा	सिस्ने- १	
३	मनिराम बुढा	सिस्ने- १	
४	भगवान घर्तिमगर	सिस्ने- २	
५	तिली खत्रीनी	सिस्ने- २	
६	बल कुमारी झाक्री	सिस्ने- २	
७	अमृता कामी	सिस्ने- ३	
८	गोपाल सुनार	सिस्ने- ३	
९	रति खड्का	सिस्ने- ३	
१०	रिता नेपाली	सिस्ने- ४	
११	बल बहादुर के.सी.	सिस्ने- ४	
१२	परजित खड्का	सिस्ने- ४	
१३	दिपा शाही	सिस्ने- ५	
१४	डम्बर कुमारी शही	सिस्ने- ५	
१५	मोतिराम बुढाथोकी	सिस्ने- ५	
१६	अमर बहादुर शाही	सिस्ने- ६	
१७	भिम बहादुर बुढा	सिस्ने- ६	
१८	श्याम बहादुर बि एम	सिस्ने- ६	
१९	दल बहादुर रोका	सिस्ने- ७	
२०	तेज बहादुर बुढा	सिस्ने- ७	
२१	हर्कु बुढा	सिस्ने- ७	
२२	मनोज पुन मगर	सिस्ने- ८	
२३	दिनेश पुन मगर	सिस्ने- ८	
२४	प्याउली बुढाथोकी	सिस्ने- ८	

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

निर्णय नं. ४,

विद्युतिय चुलो (इन्डक्सन चुलो) वितरणमा देहाय बमोजिमको रकम अनुदान प्रदान गर्ने ।

खर्च लेख्ने बजेट शिर्षकः खानेपानी तथा सरसफाइ ३११५८ बाट रु. १,००,०००।-

जम्मा वितरण गर्ने संख्याः ६६

प्रति परिवार अनुदान रकमः रु. १५०० अक्षरेपी एक हजार पाँचसय रुपैया मात्र ।

निर्णय नं. ५,

गणतन्त्र दिवस जेठ १५ र राष्ट्रिय महिला दिवस जेठ १६ देहाय बमोजिमका कार्यक्रम गरी मनाउने । राष्ट्रिय महिला दिवस जेठ १६ को खर्च अन्य दिवस शिर्षकको बजेटबाट व्यवस्थापन गर्ने ।

निर्णय नं. ६,

योजना सम्झौताको काम यही मिति २०८२ जेठ १४ गतेबाट बन्द गर्ने र अन्य कार्यक्रम आर्थिक प्रशासन शाखाबाट स्वीकृति प्राप्त गरी बजेट एकिन गरेर मात्र कार्यान्वयन गर्ने । सबै शाखाहरुले आगामी वर्षको नीति तथा कार्यक्रमको लागि राय सल्लाह र सम्पादित कार्यको प्रभावकारिताको मूल्याङकन गरी यही जेठ २० गते भित्र कार्यालय प्रमुख समक्ष पेश गर्ने

निर्णय नं. ७,

प्लाष्टिक जन्य वस्तु विस्थापित गर्न जैविक वस्तु प्रबर्धनात्मक कार्यक्रम (क्र.स. ११०, खर्च शिर्षक २२७११) देहाय बमोजिम कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

प्लाष्टिक जन्य वस्तु विस्थापित गर्न जैविक वस्तु उत्पादन गर्न पालिकाले ७५ प्रतिशत र उद्यमीले २५ प्रतिशत लगानी गरी तत्काल उद्योग सञ्चालन गर्न इच्छुक उद्यमीबाट प्रस्ताव आह्वान गर्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

निर्णय नं. ८,

मितिः २०८१ चैत्र १९ को च.नं. ९५७ प.सं. ०८१/८२ श्री रुकुमकोट जिल्ला अदालत, रुकुम (पूर्वी भाग) माग भए बमोजिम रुकुम (पूर्वी भाग) जिल्ला साविक शोभा गा.वि.स. वडा नं ७ हाल सिस्ने गाउँपालका वडा नं ५ मा पर्ने कि नं ६ को २५२८२० वर्गमिटर जग्गामध्ये पूर्व कच्ची सडक, पश्चिम रुक्मिणी मा. वि. को जग्गा, उत्तर जिल्ला अस्पतालको जग्गा, दक्षिण सरकारी/ सार्वजनिक जग्गा यति चार किल्ला भित्र पर्ने १५ रोपनी जग्गालाई जिल्ला अदालत रुकुम पूर्वी भाग को नाउँमा प्राप्ति गर्ने प्रचलित कानुन बमोजिम अदालत व्यवस्थापन समितिको मिति २०८१ फागुन १८ तथा जिल्ला न्याय क्षेत्र समन्वय समितिको मिति २०८१ फागुन २० को निर्णय सहित माग भएकोले सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड २०७७ को दफा ७ को खण्ड (ग) बमोजिम उल्लेखित चार किल्लाभित्रको १५ रोपनी जग्गा अदालतको नाउँमा प्राप्तिको लागि सिफारि गर्ने ।

निर्णय नं. ९,

प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ४ को ४.१.८ (ख) अनुसारको प्राविधिक समितिको सिफारिस अनुसार सिस्ने गाउँपालिका वडा नं ८ को डाँडा टोललाई सुन्तला पकेट क्षेत्र निर्धारण गरी सोही स्थानमा सञ्चालनमा रहेको प्रगतीशिल कृषक समूहलाई कार्यक्रमको पक्षित वर्गको रुपमा छनोट गर्ने ।

निर्णय नं.१०,

छिप्रीदह मा. वि. को शौचालय निर्माण को लागि आवश्यक बजेट बजेट किताव क्र.स. १६२ सरसफाइ संरचना निर्माण (खर्च शिर्षक ३११५८) बाट रु. १५००००।– अक्षरेपी एक लाख पचास हजार रुपैया मात्र खर्च लेख्ने गरी कार्यान्वयन गर्ने ।सोही शिर्षकबाट रु. १००००००।– अक्षरेपी एक लाख रुपैया जिल्ला प्रहरी कार्यालय छेउको सार्वजनिक शौचालयको ड्रम खरिद तथा मर्मत गर्ने ।

निर्णय नं.११,

पानी घट्ट प्रबर्धन खर्च शिर्षक नं २२१११ को रकम रु. ३००००० अक्षरेपी तीन लाख रुपैया तपसिलका वडाका घट्टहरुलाई रु ७५००० अक्षरेपी पचहत्तर हजार रुपैयाका दरले वडा कार्यालयको सिफारिस तथा प्राविधिक लागत अनुमान तथा विलको आधारमा भुक्तानी प्रदान गर्ने ।

तपसिलः

सिस्ने गाउँपालिका वडा नं. ८, ७, ३ र २ का १/१ वटा परम्परागत पानी घट्ट ।

निर्णय प्रमाणित

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

निर्णय नं.१२,

लुम्बिनी प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत यस पालिकामा गाउँघर क्लीनिकको नयाँ भवन निर्माण शिर्षक मा रु. २०००००।– अक्षरेपी बीस लाख रुपैया विनियोजन भएकोमा जग्गा उपलब्ध नभइ कार्यान्वयन हुन नसक्ने भएकाले उक्त आयोजनाको शिर्षक परिवर्तन गरी सिस्ने गाउँपालिकाको वडा नं. ८ को सामुदायिक स्वास्थ्य एकाइ, लम्पाकोट अधुरो भवन मर्मत मा रु. ५००००।– अक्षरेपी पाँच लाख खर्च गर्ने गरी शिर्षक संशोधनको अनुमतीको लागि लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने ।

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner